का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १९, अंक १९५
- १४ भदौं २०७८, सोमबार
- 30 August 2021, Monday

www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

# माधव नेपाललाई सभामुखको साथ



यो भन्दा निर्लज्जता केही हुँदैन । अग्नि सापकोटाले सभामुखको रुपमा कलंकको टीका लगाउनुभयो ।

**विशाल भट्टराई**
**प्रमुख सचेतक, एमाले**



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १३ भदौ ।

नेकपा एमाले विभाजन गरी नयाँ दल गठन गर्न सरकार र निर्वाचन आयोगको साथ पाएका पूर्वप्रधानमन्त्री माधवकुमार नेपाललाई सभामुखको पनि साथ मिलेको छ । एमालेका ६० केन्द्रीय सदस्य, २३ प्रतिनिधिसभा सदस्य र सात राष्ट्रियसभा सदस्य लिएर नेकपा (एकीकृत समाजवादी) बनाउन प्रधानमन्त्री शेरबहादुर देउवाले दल विभाजन सम्बन्धी अध्यादेश ल्याइदिएका थिए । प्रधानमन्त्री देउवाले पार्टी वा संसदीय दलमा २० प्रतिशत भएपनि दल विभाजन गराउन सकिनेगरी अध्यादेश ल्याएका थिए ।

> नेकपा एमाले विभाजन गराउन सरकार र निर्वाचन आयोगको बलियो साथ पाएका पूर्वप्रधानमन्त्री माधवकुमार नेपाललाई सभामुख अग्निप्रसाद सापकोटाले पनि साथ दिएका छन् ।

सोही अध्यादेशअनुसार, फास्ट ट्र्याकमा निर्वाचन आयोगले दल दर्ता गरिदियो । २ भदौमा निवेदन दिएका माधवकुमार नेपाललाई ९ भदौमा वैधानिकता दिएका थिए । यो एक साताभित्र निर्वाचन आयोगले अध्यादेश सँग आवश्यक नियमावली संशोधन प्रस्ताव तयार पारेर दल विभाजनको वैधानिकता समेत दियो ।

सरकार र आयोगसँग असन्तुष्ट एमालेलाई भने सभामुख अग्निप्रसाद सापकोटाले समेत साथ दिएनन् । दल विभाजन सम्बन्धी अध्यादेश ल्याउन जारी प्रतिनिधिसभा अन्त्य गर्ने सरकारको निर्णय पछि माधवकुमार नेपाल सहित १४ जनालाई पदमुक्त गर्ने एमालेले निर्णय गरेको थियो । उक्त निर्णय एमालेले संसद् सचिवालयमा दर्ता गराएको थियो । त्यसपछि निरन्तर एमाले सांसदहरुले कारबाहीको निर्णय कार्यान्वयन गर्न सभामुख सापकोटाको ध्यानाकर्षण गरायो । तर दल विभाजनले वैधानिकता पाएपछि बल्ल सभामुख सापकोटाले निर्णय लियो- पदमुक्त गरिदैन ।

आइतबार सभामुख सापकोटा समक्ष गरेको सिफारिश कार्यान्वयन नहुने निर्णय भएको हो । आयोगले ११ भदौमा नेकपा (एकीकृत समाजवादी) नामको नयाँ दल दर्ता भएको सूचना संसद् सचिवालयलाई पठाएकाले कारबाहीका लागि बाँकी पृष्ठ २ मा

## एमाले विभाजन

# अब प्रदेश र स्थानीय तहमा

**समित श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, १३ भदौ



प्रतिनिधिसभाको सबैभन्दा ठूलो दल नेकपा एमालेको विभाजनमा अब प्रदेश र स्थानीय तहका नेताहरुको कित्ताकाँट हुने भएको छ । ६० केन्द्रीय सदस्य, २३ जना प्रतिनिधिसभा सदस्य र सात जना राष्ट्रियसभा सदस्य सहित पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल नेतृत्वमा बनेको नेकपा (एकीकृत समाजवादी) गठन गरेका छन् । एमाले अलग गरी गठन भएको एकीकृत समाजवादीका नेताहरुलाई ९ भदौमा सनाखत गराइ ११ भदौमा दल दर्ता प्रमाणपत्र दिएको छ ।

केन्द्रमा वैधानिकता रुपमा अलग भए पछि अब प्रदेश र स्थानीय तहका जनप्रतिनिधिहरुलाई पनि कित्ता प्रष्ट पार्न समय दिइदैछ । निर्वाचन आयोगले दल रोज्न भदौ २२ गते अपराह्न ५ बजेसम्म समय दिने निर्णय गरेको हो ।

सरकारले हालै ल्याएको अध्यादेशअनुसार संघीय संसद वा केन्द्रीय समितिको २० प्रतिशत पुर्‍याए दल विभाजन गर्न सक्ने व्यवस्था गरेपछि एमाले विभाजित भइ एकीकृत समाजवादी दर्ता भएको थियो ।

अध्यादेशमा प्रदेश र स्थानीय तहका जनप्रतिनिधिलाई नयाँ दल दर्ता प्रक्रिया शुरु भएको मितिले २१ दिनभित्र दल रोज्न सक्ने व्यवस्था भएअनुसार भदौ २२ गतेभित्र दुबै दलका जनप्रतिनिधिले सनाखत गर्नुपर्ने आयोगका प्रवक्ता राजकुमार श्रेष्ठले बताए । उनका अनुसार, प्रदेशसभा सदस्यहरुले प्रदेश निर्वाचन कार्यालय र स्थानीय जनप्रतिनिधिहरुले जिल्ला निर्वाचन कार्यालयमा गएर सनाखत गर्नुपर्ने हुन्छ ।

> ६० केन्द्रीय सदस्य, २३ जना प्रतिनिधिसभा सदस्य र सात जना राष्ट्रियसभा सदस्य सहित पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल नेतृत्वमा बनेको नेकपा (एकीकृत समाजवादी) रोज्ने कि एमालेमै बस्ने भन्ने निर्णय अब प्रदेश र स्थानीय तहमा हुनेछ । त्यसका लागि आयोगले २२ भदौसम्मको समय दिएको छ ।

सनाखत गर्नका लागि नागरिकता वा मतदाता परिचय प्रमाणपत्र, निर्वाचित भएको वा प्रदेशसभा/स्थानीय तहबाट जारी भएको परिचयपत्र वा प्रमाणपत्र लैजानुपर्ने आयोगद्वारा जारी सूचनामा जनाइएको छ । एकीकृत समाजवादीजस्तै जनता समाजवादी पार्टी (जसपा) बाट अलग भएको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) लाई पनि आयोगले समय दिएको छ ।

अलग दल दर्ता गराएको एकीकृत समाजवादी भने सरकारमा सहभागी निर्णयतिर अगाडि बढेको छ । त्यसका लागि आइतबार मात्रै संसदीय दलको बैठक बसेको थियो । दलको बैठकले अध्यक्ष माधवकुमार नेपाललाई दलको नेता चयन गरेको छ । लगत्तै बसेको दलको बैठकले सरकारमा जाने व्यक्तिहरुको टुंगो लगाउने जिम्मा अध्यक्ष नेपाललाई दिएको छ ।

बैठकले प्रतिनिधिसभा, संसदीय दलका नेतामा अध्यक्ष नेपाल र राष्ट्रियसभा संसदीय दलका नेतामा बेदुराम भुसाललाई चयन गरेको छ । बैठकले पाँच सदस्यीय संसदीय दलको विधान बनाउन मस्यौदा कमिटी निर्माण गरेको छ ।

चाँडै मन्त्रिमण्डल पुनर्गठन हुने र त्यसका लागि आवश्यक समयमा निर्णय गरिने सांसद विरोध खतिवडाले बताए । उनका अनुसार, सरकारमा पार्टीले पाउने मन्त्रालयको संख्या र कुन कुन मन्त्रालय भन्ने टुङ्गो सरकारमा सहभागी दलहरुको गठबन्धनले गर्नेछ । उनले भने, “पहिले मन्त्रालय टुङ्गो लागेपछि नै पार्टीले व्यक्ति टुङ्गो लगाउनेछ ।” केही दिनमै मन्त्रिपरिषद् विस्तार हुने सांसद खतिवडाले बताए ।

# आयो कतार प्रहरीको डिमाण्ड
# तर डिमाण्ड नै नआएका ठाउँमा पनि अन्तर्वार्ता

**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ भदौ

कतार प्रहरीका लागि बहू चर्चित मागपत्र प्रमाणीकरण शुरु भएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले कतारको दोहास्थित नेपाली दूतावासलाई मागपत्र प्रमाणीकरणको अनुमति दिएसँगै दूतावासले राजधानीको लाजिम्पाटस्थित अल ताक्वेत ओभरसिज नेपाल प्रा.लि. बाट पेश भएको उक्त माग पत्र प्रमाणीकरण गरेको दूतावास श्रोतले मध्यान्हलाई बतायो । उक्त मागपत्र आइतबार नै अनलाइन मार्फत ताहचलस्थित बैदेशिक रोजगार कार्यालयीन पेश भएको र सो मागपत्रले पूर्व स्वीकृति पाएको पनि मन्त्रालयको आर्को श्रोतले मध्यान्हलाई बतायो । तर अहिले राजधानीमा कतार प्रहरीमा रोजगारी लगाउने भन्दै चलखेल शुरु भएको छ ।

राजधानीमा रहेका अत्यन्त सीमित म्यानपावर कम्पनीले मात्र मागपत्र प्रमाणीकरण गरी पूर्व स्वीकृति लिने बुझिएपनि राजधानीका केही म्यानपावर कम्पनी र उनीहरुद्वारा निर्देशित केही अवैधानिक एजेन्टहरु डिमाण्ड नभएपनि पार्टी प्यालेस बुक गरी भविष्यमा डिमाण्ड आउने आश्वासनका भरमा अन्तर्वार्ता गराउन शुरु गरेका छन् ।


आइतबार गोंगबु क्षेत्रमा अन्तर्वार्ता दिएका मकवानपुरका रमेश घलानले चिनजानका एजेन्टको आश्वासनमा विश्वस्त भई अन्तर्वार्ता दिएको र उनले हाल डिमाण्ड नभएपनि दशैं अगाडि नै डिमाण्ड आउने आश्वासन दिएको मध्यान्हलाई बताए । हालको कानूनी प्रावधान अनुसार डिमाण्ड आउने नै भएपनि आश्वासन वा अनुमानका भरमा अन्तर्वार्ता गराउन नपाइने व्यवस्था छ । वैदेशिक रोजगार ऐनको दफा १५ अनुसार विदेशस्थित दूतावास वा नियोगबाट मागपत्र प्रमाणीकरण भएपछि रोजगारदाता संस्थाको नाम, ठेगाना र कामदार पठाउने मुलुक, वैदेशिक रोजगारको किसिम, कामदारको किसिम र संख्या, कामदारले पाउने तलब, सुविधा र बिदा लगायतको विवरण राखी पूर्व स्वीकृति लिनुपर्ने व्यवस्था छ ।

पूर्व स्वीकृति लिएपछि कुनै राष्ट्रियस्तरको दैनिक पत्रिकामा कम्तीमा सात दिनको म्याद दिई लट नम्बरसहित विज्ञापन प्रकाशन गर्नुपर्ने, विज्ञापन प्रकाशन गरी कामदार छनोट गरेर म्यानपावर कम्पनीको सूचना पाटीमा टाँस गरी त्यसको एक एक प्रति विभागमा बुझाउनु पर्ने व्यवस्था छ । अन्तर्वार्ता गरिरहेका सबै ठाउँमा यी प्रक्रिया पूरा नगरेको स्रोतले बतायो ।

कतारले कम्तीमा ६ हजार रियाल तलब पाउने गरी करिब १० हजार नेपाली कतार प्रहरीको सहयोगीका रुपमा भर्ना गर्न चाहेको सार्वजनिक भएको छ । यसअघि सरकारको अनुमति बिना यसअघि गत फागुनमा पनि केही म्यानपावर कम्पनीहरुले ठूलो रकम उठाएर कामदार छनोट गर्न अन्तर्वार्ता गरेको विषय बिबादमा आए पछि वैदेशिक रोजगार विभागले केही म्यानपावर कम्पनीमा छापा मारी कारबाही गरेको थियो ।

## वैदेशिक रोजगार विशेष

### मञ्चद्वारा महानिर्देशकको स्वागत



**काठमाडौं/मस-** वैदेशिक रोजगार विभागका नवनियुक्त महानिर्देशक दीपक काफ्लेले वैदेशिक रोजगारीमा जाने कामदार हरुलाई सुरक्षित गर्ने गरी काम गर्ने आश्वासन दिएका छन् । प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालको तर्फबाट गरिएको स्वागत तथा कार्यकाल सफलताको शुभकामना कार्यक्रममा व्यवसायीहरुका समस्या सुनेपछि महानिर्देशक काफ्लेले उक्त आश्वासन दिएका हुन् ।

मञ्चले वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस) मा तत्काल सुधार गर्नेदेखि तत्काल सुधार गर्न सकिने अन्य विषयवस्तुकाबारेमा नवनियुक्त महानिर्देशक काफ्लेको बाँकी पृष्ठ २ मा

# तातिएका कार्यकर्ता बढ्यो चहलपहल



**काठमाडौं/मस-** नेपाली काँग्रेसको वडा अधिवेशन अब एक साता मात्रै बाँकी रह्यो । पटकपटक सर्दै आएको काँग्रेसको वडा अधिवेशन १८ भदौमा देशभर हुँदैछ । यसपटक निर्वाचन नसर्ने निश्चित भएको विश्वास दिलाउँदै आएको काँग्रेस नेतृत्वले आइतबारसम्म ६४ जिल्लाको क्रियाशील सदस्यता नामावली प्रकाशन गरिसकेको छ ।

शीर्ष नेताहरुले महाधिवेशन हुने निश्चित रहेको दावी र निर्णय गरेसँगै स्थानीय तहमा काँग्रेस अधिवेशनको रौनक बढेको छ । तर चर्चा भने जिल्ला सभापतिका दावेदारहरुमा देखिएको छ । काँग्रेसका बरिष्ठ नेता रामचन्द्र पौडेलको गृहजिल्ला तनहुँमा जिल्ला सभापतिका लागि कार्यवाहक सभापति जीतप्रकाश आले, जिल्ला सचिव विश्व बाँस्तोला, पूर्वसचिव प्रा डा कृष्णप्रसाद गौतम लगायतको चर्चा छ । जिल्ला सचिव लक्ष्मी आचार्य, महासमिति सदस्य रामचन्द्र अधिकारी पनि जिल्ला सभापतिका लागि आकांक्षी देखिएका छन् । वर्तमान सभापति एवं व्यास नगरप्रमुख वैकुण्ठ न्यौपाने पनि पुन:सभापतिमा दोहोरिने चर्चा कार्यकर्तामाझ चलेको छ ।

वरिष्ठ नेता पौडेल, केन्द्रीय सदस्य शंकर भण्डारी, गोविन्द भट्टराई, प्रदीप पौडेल लगायत ‘हेभिवेट’ नेताहरु पनि आफू निकटका व्यक्तिलाई नेतृत्वमा ल्याउने तयारीमा छन् । कार्यवाहक सभापति जीतप्रकाश आलेले जिल्ला सभापतिका लागि आफू स्वभाविक उम्मेदवार भएको बताए ।

जिल्लाको सबैभन्दा महत्वपूर्ण व्यासको नगर सभापतिमा ट्रेड युनियन काँग्रेसका अध्यक्ष सूर्यचन्द्र हड्खले, नगर समितिका सहसचिव डम्बर अधिकारी, हरिदत्त पौडेल, डा शेषरमण न्यौपाने प्रतिस्पर्धी देखिएका छन् । सहसचिव समेत रहेका अधिकारीले सभापतिमा उठ्ने तयारीसहित मतदाता भेटघाट शुरु गरिसकेका छन् ।

उता, झापामा जिल्ला सभापति पदमा दुई नेताले उम्मेदवारी दिने घोषणा गरेका छन् । पार्टीका वर्तमान उपसभापति राम कट्टेल र निवर्तमान उपसभापति देउमान थेबेले सभापतिमा उम्मेदवारी दिएका छन् ।

जिल्लामा १६ हजार बढी क्रियाशील सदस्य नवीकरण र १७ हजार बढी नयाँ सदस्यताका लागि सिफारिस गरिएको पार्टी सभापति उद्धव थापाले बताए । उनले दुई नेताले जिल्ला सभापतिमा उम्मेदवारी घोषणा गरे पनि सकेसम्म सबैलाई मिलाएर सहमतिमा नेतृत्व चयन गर्न पहल भइरहेको बताए ।

“हामी वडादेखि नगर, जिल्ला र प्रदेश तहसम्म नै सहमति र सहकार्यमा नेतृत्व चयन गर्छौं । यसको मुख्य आधार भनेको पार्टीको सङ्गठन बलियो बनाउन गरेको निष्ठा, त्याग र बाँकी पृष्ठ २ मा

# कृष्णाष्टमी पर्व मनाइँदै

**काठमाडौं /मस–** देशभर भगवान् श्रीकृष्णको पूजा आराधना गरी आज वैदिक सनातन धर्मावलम्बीले 'श्रीकृष्ण जन्माष्टमी' पर्व श्रद्धा भक्तिपूर्वक मनाउँदैछन् । ज्ञानयोग, कर्मयोग र भक्तियोगका प्रणेता श्रीकृष्णको जन्म द्वापरयुगमा भाद्रकृष्ण अष्टमीको मध्यरातमा भएकाले आजको दिनलाई 'श्रीकृष्ण जन्माष्टमी' र रातलाई 'मोहरात्रि' भनिन्छ । आजको दिन देशभरिका कृष्ण मन्दिरमा भगवान् श्रीकृष्णको पूजा आराधना, प्रवचन, भजनकीर्तन गर्नाका साथै विशेष गरी महिला, पुरुष 'व्रत' बसी रातभर जाग्राम बस्ने प्रचलन छ । आजको दिनले दानवी प्रवृत्तिबाट समाजलाई संरक्षण प्रदान गर्न भगवान श्रीकृष्णले कंसरुपी राक्षस प्रवृत्तिको अन्त्य गरी समाजलाई शान्ति र सुव्यवस्था प्रदान गर्न मार्गदर्शन दिएको मानिन्छ ।

महाभारतमा कौरवरुपी अन्यायी पक्षसँग जुधेर श्रीकृष्णले समाज उपयोगी काम गर्न तथा परोपकारमा लाग्न पनि यो दिनले प्रेरणा दिने विश्वास गरिन्छ । जन्माष्टमीका दिन पाटनको मंगलबजारस्थित प्रसिद्ध कृष्णमन्दिरमा ठूलो मेला लाग्ने गरेकामा यस वर्ष भने कोरोना भाइरसको संक्रमणका कारण मेला प्रभावित बनेको छ । मङ्गलबजारमा अवस्थित कृष्ण मन्दिरमा भक्तजनलाई पूजाका साथै दर्शन गर्न नदिने भएको छ ।



हरेक वर्ष भाद्र कृष्णाष्टमीका दिन कृष्ण मन्दिरमा दर्शनार्थीको ठूलो मेला लाग्ने भएकाले मुलुकमा दिनानुदिन बढ्दै गइरहेको कोरोना महामारीलाई ध्यानमा राखी सोमबार सर्वसाधारणलाई मन्दिर छिर्न नदिने भएको हो । यो वर्ष पनि गत वर्ष झैँ कोभिड सङ्क्रमण फैलने डरका कारण भक्तजनलाई मन्दिर प्रवेश गराइ कृष्णको दर्शन गर्न नदिने मन्दिरका पुजारी प्रतापधर राजोपाध्यायले बताए ।

उनले भने, 'आवश्यक अनि सीमित व्यक्ति बसेर भगवान्को पूजापाठ आदि कर्म गर्नेछौँ ।' मन्दिर दिनभरि खुला रहन्छ तर मानिसलाई भने भित्र छिर्न नदिने उनको भनाइ छ ।

यही भदौ १ गते ललितपुरका विभिन्न गुठी तथा जात्रा अनि पर्व चलाउने व्यक्तिसँग बसी यो वर्ष आउँदा पर्वमा मात्र विधि गर्ने छलफल भइसकेको महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जनले बताए ।

उनले भने, 'रोगको ख्याल गरी कहीँकतै भीड हुन दिने छैनौँ ।' सोमबार मनाइने कृष्ण पर्व साङ्केतिकरुपमा मात्र अघि बढाउने कुरामा छलफल भइरहेको जिल्ला प्रशासन कार्यालय ललितपुरका प्रजिअ ढुण्डीप्रसाद निरौलाले बताए । साँझ परेपछि गुठीबाट बत्ती लगेर बाल्ने र घुइँचो नगर्ने भएको संस्थान कार्यालय ललितपुर शाखाका प्रमुख खिमा वलीले बताए । ज्ञानयोग, कर्मयोग र भक्तियोगका प्रणेता मानिने श्रीकृष्णको जन्म द्वापर युगमा भाद्रकृष्ण अष्टमीको मध्यरातमा भएको थियो । अन्याय, अत्याचार र राक्षसी प्रवृत्तिबाट सम्पूर्ण मानवको रक्षा गर्न भगवान् विष्णुको आठौँ अवतारका रुपमा श्रीकृष्णको जन्म भएको पौराणिक कथन छ । कृष्ण मन्दिर रहेको पाटन दरबार क्षेत्रलाई युनेस्कोले विश्वसम्पदा क्षेत्रमा घोषणा गर्नाका साथै विश्वहस्तकला परिषद्ले ३५औं कला नगरीसमेत घोषणा गरिसकेको छ । पाटन दरबार क्षेत्रको कलाकारितालाई हेरेर कतिपयले यसलाई सुन्दरताको सहरलेसमेत सम्बोधन गर्ने गरेको पाइन्छ । कृष्ण मन्दिर पाटनको सबैभन्दा महत्वपूर्ण क्षेत्र दरबार स्क्वायर परिसरमा रहेको छ । यहाँ विगत दुई वर्ष पहिले दिनानुदिन हजारौँ हजार स्वदेशी तथा विदेशी पर्यटक घुम्न तथा अध्ययन गर्नसमेत आउने गर्थे । सो मन्दिरसहित पाटन दरबार क्षेत्रमा चारनारायण, दरबार सङ्ग्रहालय, अशोक स्तम्भ तथा हिरण्यवर्ण महाविहार आदिसमेत रहेका छन् । कृष्ण मन्दिर पाटनका राजा सिद्धिनरसिंह मल्लको पालामा निर्माण भएको हो । नेपालमा शिखरशैलीमा ढुङ्गाबाट निर्मित २१ गजुर भएको एकमात्रै मन्दिरका रुपमा पाटनको कृष्ण मन्दिर परिचित छ । यसैबीच सरकारले आज सार्वजनिक बिदा दिएको छ । श्रीकृष्ण जन्माष्टमी परेकाले आज सार्वजनिक बिदा दिने निर्णय गरेको हो ।

# वर्षायाममा पनि भक्तपुरमा पानीको अभाव

**दिपेन्द्र श्रेष्ठ/मध्यान्ह**
भक्तपुर, १३ भदौ



सुख्खायामको समयमा पिउने पानीको अभाव हुनु नौ लोकुरा होइन् तर भक्तपुमा पानी परिरहेकै अवस्थामा पनि खानेपानीको अभाव भएको छ । पिउनको लागी जारको पानी किनेर खानुपर्ने अवस्थाले मानिसहरु आजित छन् । सानो व्यासी एरिया अन्तरगत मिवाछें टोलमा गत माघ महिना देखिनै धारामा पानी नआएको र अहिले पानी परिरहेको अवस्थामा पनि राम्रोसँग पानी नआएकै कारण जारको पानी किनेर खानुपर्ने अवस्था रहेको स्थानीय सानुमायाँ बताउँछन् । भक्तपुरमा विभिन्न स्थानहरुमा बेला-बेला खानेपानीको अभाव भइरहन्छ तर यसको समाधान भक्तपुर खानेपानी कार्यालयले गर्न सकिरहेको छैन । भक्तपुरमा सार्वजनिक स्थानहरुमा अधिकांश परम्परागत ढुंगेधाराहरु छन् तर ढुंगेधाराहरुको संरक्षणको अभावमा धाराबाट पानी आउँदैनन् । केहि धारामा पानी आएपनि पिउन योग्य छैन । भक्तपुर खानेपानी लिमिटेडका प्रमुख सुरेन्द्र हिमालयका अनुसार महादेव खोला मुहान नजिक खेलकुद मैदान बनिरहेको कारण माटो बगाएर ल्याई धमिलो पानी आएकोले केहिदिन देखि पानी निरन्तर खुवाउन नसकेको हो ।

सुख्खा मौसममा चाहिँ पानीको अभाव हुने तर अहिले पानी परिरहँदा खासै पानीको समस्या नरहेकोले एक दिन बिराए ख्वाउन सकिने उनले मध्यान्हलाई बताए । अहिले बाँडिएको पानी पनि ल्याएर मिसाएर वितरण गरिरहेका छौँ । एउटा ३० लाख लिटरको नयाँ ट्याङ्की बन्दै गरेको र बाँसघारीमा बोरिङ गर्ने योजना रहेकोले यो वर्ष भित्र पानीको समस्या सुल्झिने बताए । मेलम्ची खानेपानीको पाइपलाइन जोड्न लागभग ५० मिटर बाँकी रहेको र सो पाइप लाइन जोडिसकेपछि मेलम्चीको पानी आए मेलम्ची र बोडेको पानी सिँधै ल्याएर ख्वाउन सकिने उनले बताए ।

## बरियारपट्टी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

बरियारपट्टी, सिरहा
प्रदेश नं. २, नेपाल

### बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति : २०७८/०५/१४ गते)

**यस बरियारपट्टी गाउँपालिकाको आ.व. २०७८/०७९ मा तपसिल बमोजिमका को कार्य सिलबन्दी बोलपत्रद्वारा गर्नुपर्ने भएको हुँदा नेपाल सरकार बाट इजाजत प्राप्त निर्माण व्यवसायी बाट निम्न शर्तहरुको अधिनमा रही रीत पुर्वक सिलबन्दी बोलपत्र आव्हान गरिएको व्यहोरा इच्छुक सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ ।**

तपसिल

| सि.नं. | ठेक्का नं. | कामको विवरण | लागत अनुमान रकम रु.(मु.अ.क. सहित र कन्टिनजेनसी बाहेक) | बोलपत्र फारम दस्तुर | जमानत रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | BRM/08/2078/079 | PCC ढलान सडक निर्माण हरिपुर | २९,२२,०७६।४० | ३,०००/- | ७४,०००/- | |
| २ | BRM/10/2078/079 | PCC ढलान सडक निर्माण शिवमन्दिर देखि | २९,२१,८९४।७० | ३,०००/- | ७४,०००/- | |
| ३ | BRM/11/2078/079 | PCC ढलान सडक निर्माण रामेश्वर घर देखि | ४८,७०,३७१।३० | ३,०००/- | १,२०,०००/- | |
| ४ | BRM/15/2078/079 | RCC ढलान कार्य | ३८,९६,७३६।३५ | ३,०००/- | ९७,०००/- | |
| ५ | BRM/16/2078/079 | RCC ढलान सडक निर्माण सुर्यनारायण को घर देखि आ.वि. कचनारी | ३८,९६,५१४।१५ | ३,०००/- | ९७,०००/- | |

१. बोलपत्र पुस्तिका मिति २०७८/०६/११ गतेसम्म चालु आ.ब. का लागि नविकरण भएको ईजाजतपत्र, आयकर र मु.अ.कर दर्ता तथा आ.व. २०७७/०७८ सम्मको कर चुक्ता भएको प्रमाणपत्र संलग्न राखि लिखित निवेदन साथ उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) तिरि इच्छुक बोलपत्र दाताले यस कार्यालयबाट कार्यालय समय सम्म बोलपत्र काग्जात खरिद गर्न सकिनेछ वा बिद्युतीय (Electronically) बोलपत्र खरिद गर्न इच्छुक बोलपत्रदाताले तोकिएको बमोजिम बोलपत्र दस्तुर फिर्ता नहुने गरि प्रभु बैंक बरियारपट्टी शाखाको खाता नं. १४७०११६०८२६००१६६ मा जम्मा गरि वा अन्य बैंक वा वितिय संस्थाबाट उक्त खातामा जम्मा हुने Tele transfer गरि PPMO को Website http/www.bolpatra.gov.np/egp बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।
२. खरिद भएको बोलपत्रहरु सिलबन्दी गरि मिति : २०७८/०६/१२ गतेको १२:०० बजे भित्र यस कार्यालयको संबोधन गरी ठेक्का नं. कामको विवरण, बोलपत्र दाताको नाम र ठेगाना स्पष्ट खुलाई फर्मको छाप लगाई सिलबन्दी लाहा छाप गरी यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ । ई-बिड मार्फत पेश गर्ने निर्माण व्यवसायीरुले PPMO को Website http/www.bolpatra.gov.np/egp मा भएको प्रावधान अनुसार दरभाउपत्र पेश गर्न सकिनेछ । साथै बिद्युतीय माध्यम बाट बोलपत्र पेश गर्ने बोलपत्रदाताले बोलपत्र खोलेको मितिले ७ दिन भित्र प्रमाणित काग्जात पेश गर्नुपर्नेछ ।
३. म्याद र समय भित्र दर्ता भएका बोलपत्रहरु (ई-बिड समेत) मिति : २०७८/०६/१२ गते दिनको ०२:०० बजे बरियारपट्टी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा खोलिनेछ । बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएतापनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
४. बोलपत्र साथ धरौटी वापत तोकिए बमोजिमको रकम बरियारपट्टी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयको प्रभु बैंक बरियारपट्टी शाखाको कार्यालय कोड नं. ८०२१६५०५३०० धरौटी खाता नं. १४७०११६०८२६०००४६ बोलपत्र दाताले खरिद गरिएको बोलपत्र कागजात सहित प्रभु बैंक बरियारपट्टी शाखा, मा रहेको तपसिलको खाता नं. मा नेपाल बैंकबाट "क" वर्गको इजात प्राप्त बैकबाट बोलपत्र फारम दस्तुर र कम्तीमा बोलपत्र प्रकाशित मितिले १२० दिन अवधि भएको विडबन्ड वा जमानत रकम जम्मा गरिएको भौचर पेश गर्नुपर्ने छ ।
५. बोलपत्र पेश गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन माथि उल्लेखित गरिएको समयमा बोलपत्र पेश गर्ने र खोल्ने अन्तिम मिति कायम हुनेछ । यस्तो अवस्थामा बोलपत्र जमानतको मान्य अबधि भने साविककै मिति देखि गणना गरिनेछ ।
६. कुनै वा सवै बोलपत्र पुरै वा आशिंक रुपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सवाधिकार यस कार्यालयमा निहित रहनेछ ।
७. शिलबन्दी नगरि प्राप्त भएको वा प्रचलित कानुन बमोजिम रित नपुगेको बोलपत्र स्वीकार गरिने छैन ।
८. रितपुर्वक दर्ता भएका बोलपत्रहरु प्रचलित कानुन बमोजिम तोकिएका बोलपत्रदाताको प्रतिनिधिको रोहबरमा खोलिने छ । तोकिएको दिन बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थिती नभए पनी शिलबन्दी बोलपत्र खोल्न बाधा पर्ने छैन ।
९. यस सुचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित कानुन बमोजिम हुनेछ ।
१०. थप जानकारीका लागि यस कार्यालयमा वा इन्जिनियर श्री चन्दन यादव, मो. नं. ९८४२८६९८९१ मा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ ।
११. बोलपत्र स्वीकृत भई समझौता भए पछि सम्झौतामा उल्लेखित समय भित्र गर्न/गराउनु पर्ने छ । स्वीकृत फर्म वा सप्लायर्सले तोकिएको म्याद भित्र कार्य सम्मपन्न नगरेमा धरौटी जफत गरि कार्यालय अर्को व्यवस्था मिलाइनेछ ।
१२. बोलपत्र दाताले नेपाल सरकारको कानुन बमोजिम लाग्ने कर भन्सार शुल्क स्वयंले तिर्नु पर्नेछ । यस कार्यालयबाट कर छुटको लागि कुनै सिफरिस गर्ने छैन ।

**नि.प्रमुख प्रशासकीय अधिकृत**


## साउदीमा रोजगार

१. कम्पनी: SPEED WAY GENERAL CONTRACTING EST.
शहर : SAUDI

पूर्व स्वीकृत मिति: २०७८/०५/११ | चलानी नं.: ६०१६२१४७ | LT. No.: 244343

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOR | 15 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Building Carpenter | 8 | 0 | | 1500 | ४७,०४० | | | | | | | |
| 3. | Brick Mason | 5 | 0 | | 1500 | ४७,०४० | | | | | | | |
| 4. | Building Electrician | 4 | 0 | | 1500 | ४७,०४० | | | | | | | |
| 5. | Building Painter | 4 | 0 | | 1500 | ४७,०४० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ भदौ २१ गते (6 Sept. 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Nepal Life Recrutiment Agency Pvt. Ltd.**
Govt. Lic. No. 1476/074/075
Gaushala, Kathmandu, Nepal, , Tel:4490351, 4498920
Mob. : 98510 76290, 98010 76290, E-mail: nepallifera1476.2017@gmail.com



## SAUDI मा रोजगार

कम्पनी: FIRST NATIONAL COMPANY
शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०७८/०५/१३ | चलानी नं.: ६०१६२१२७ | L.T. No.: 244669

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 30 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | waiter | 5 | 0 | | 1200 | ३७,६३२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ भदौ २१ गते (6 September 2021) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निशुल्क |

**Jobs Global.Com Employment Services Pvt. Ltd.**
Govt. Lic. No 192/057/058
P.O. Box: 23080, Basundhara, Kathmandu, Nepal
Tel : 5907240, 5907280, 4002624, 4002625, 9801100112, 9801100113, Fax: +977-1-4002625
Email: jobsglobalnepal@gmail.com | Web: www.jobsglobal.com
https://www.facebook.com/JobsglobalNepal



## "Zero Cost Recruitment in QATAR"
## (कतारमा शुन्य लागतमा रोजगार)

Free Visa, Free Ticket, Free Service Charge, Free Passport, Free Medical, Free Transport and Free Logdging
(फ्रि भिषा, फ्रि टिकट, फ्रि सर्भिस, फ्रि मेडिकल फ्रि यातायात र फ्रि आवास)

कम्पनी: POWER JUICE | शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७८/०५/१३ | चलानी नं.: ६०१६२०९५ | LT. No.: 244624

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | waiter | 2 | 0 | स. काममा दक्ष | 1700 | ५४,१२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ भदौ २१ गते (6 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

Power Juice does not impose any Recruitment/ Palcement Fee For this Employment
पावर जुसले रोजगारीको लागि कुनै पनि किसिमको भर्ती शुल्क लागु गर्ने छैन ।

Note: Applicants are requested to submit their application directly without using any Mediator, Applicants (Family) members/ Relatives/ Friends) are not Requried to make any Payments forthis employments.
आवेदकलाई कुनै पनि मध्स्तताको प्रयोग विना सिधा आवेदन गर्न आमन्त्रित गर्दछौं आवेदक (परिवार सदस्य/आफन्त/साथीभाई)ले यस रोजगारको लागि कुनै पनि प्रकारको शुल्क तिर्नु पर्ने छैन ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**वि. एस. ओभरसिज प्रा. लि.**
पो.ब.नं.: १५१४२, सामखुसी - ३, काठमाडौं, नेपाल
फोन नं.: ०१-४९६३३५८, ०१-४९८७४०२, ०१-४३६४४१०
E-mail: info@bsoverseasnepal.com.np, bsoverseasnepal1@ gmail.com
website: www.bsoverseasnepal.com.np
श्रम इजाजत नं. ५४०/०६१/०६२
ISO 9001 : 2015 CERTIFIED
Regd No : 19313/A/001/En

## सम्पादकीय

### कोर्स बिथोलिने खतरा

सत्तारूढ दल नेपाली काँग्रेस १४औं महाधिवेशनको तयारीमा जुटेको छ । आगामी मंसिरमा हुने महाधिवेशनबाट नेतृत्व हत्याउने खेल काँग्रेसभित्र शुरू भइसकेको छ । नेतृत्व हत्याउन क्रियाशील सदस्यता वितरणमै नेताहरूले जोड दिएकाले महाधिवेशनको मिति समेत सर्दै आएको थियो । आफू निकटलाई महत्वपूर्ण जिम्मेवारी दिने, र त्यसैबाट नेतृत्वमा पुनः आउन सकिने सभापति एवम् प्रधानमन्त्री शेरबहादुर देउवाको रणनीति अनि त्यसलाई रोक्ने अन्य नेताहरूको प्रयत्नकै कारण महाधिवेशनमा समयमा हुन सकेन । काँग्रेसको विधानले हरेक चार वर्षमा महाधिवेशन गराउनुपर्ने हुन्छ । तर काँग्रेसले चार नभएर साढे पाँच वर्षमा पनि महाधिवेशन गराउन सकेन । संविधानले पाँच वर्षभित्र महाधिवेशन गराइसक्नुपर्ने, यदि त्यो अवधिमा नभए थप ६ महिनाको विशेष समय लिन पाइने व्यवस्था छ ।

त्यसैअनुसार आगामी १८ भदौदेखि काँग्रेस अधिवेशन शुरू हुनेछ । त्यसदिन वडा अधिवेशन गराएर मंसिर ९ देखि राष्ट्रिय महाधिवेशन हुँदैछ । वडा, स्थानीय तह, प्रदेशसभा निर्वाचन क्षेत्र, प्रतिनिधिसभा निर्वाचन क्षेत्र, जिल्ला प्रदेश हुँदै केन्द्रको महाधिवेशन सकिदा काँग्रेसले तीन महिना खर्च गर्नेछ । वडा अधिवेशन नजिकिएसँगै नेतृत्व हत्याउन काँग्रेसका नेताहरूले अनेक प्रयास गरिरहेका छन् । सभापतिको दोवदार धेरै भएकाले गतिविधिमा पनि विविधता छ । सभापति देउवा सहित संस्थापनबाटै उपसभापति विमलेन्द्र निधिले दावी गरेका छन् । संस्थापन इतर समूहमा धेरै दावेदार छन् । बरिष्ठ नेता रामचन्द्र पौडेल, पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौला, महामन्त्री शशांक कोइराला, पूर्वमहामन्त्री प्रकाशमान सिंह, नेताहरू शेखर कोइराला र सुजाता कोइरालाले सभापतिमा दावी गरेका छन् ।

नेतृत्व हत्याउन भइरहेको प्रयासमा साझा चाहिँ हिन्दू धर्म केन्द्रीत मत तान्ने प्रयास देखिन्छ । धर्म निरपेक्षतासँग सम्झौता नगर्ने अडानमा रहेका निधिले समेत यसपटक धार्मिक गुरूहरूसँग आशिर्वाद लिएर धार्मिक रूझान देखाएका छन् । सभापति देउवा त्यसैपनि धर्मप्रति रूझान राख्ने नेता हुन् । महामन्त्री कोइरालाले धर्म निरपेक्षताबारे जनमत संग्रहकै अडान लिने नेता हुन् । अन्य नेताहरूमा पनि त्यस्तै खालका रूझान देखिन्छ । अर्थात् संविधानले धर्म निरपेक्षता भनेपनि त्यसको कार्यान्वयनमा नेतृत्व गर्नुपर्ने काँग्रेसका नेताहरूले भने नेतृत्व हत्याउने दाऊमा धर्मलाई कार्ड बनाउने प्रयत्न गरेको देखिन्छ । जुन कार्ड आफैमा धर्मको राजनीतिकरण हो भने संविधानको भावनासँग मेल नखाने विषय हुन् । यसर्थ काँग्रेस नेताहरूले यसतर्फ एकपटक गम्भीर भएर सोच्नुपर्ने जरूरी छ ।

## सामाजिक सञ्जाल



जनताका विकास, रोजगारी र सामाजिक न्यायका आकांक्षा सम्बोधन गर्न नसक्ने गरी राज्य संयन्त्र नराम्रोसँग बिग्रेको छ । चल्तिको राजनीतिका पात्रहरू भने बिग्रेको संयन्त्रलाई मर्मत गर्नेभन्दा यसैलाई उपयोग गरेर निजि/गुट र विदेशी शक्तिको स्वार्थ पुर्ति गर्नमा तल्लिन देखिन्छन् । लक्षण राम्रो छैन !

**- सुर्यराज आचार्य**



नेताको भाषणले जनता अझै प्रभावित हुँदै रहेछन् । नेतृत्व हस्तान्तरण गर्ने, पदको लोभ नभएको भए एमालेलाई भड्खालोमा हाल्न वर्षौंदेखि किन कस्सिएको ? त्यै पदको लागि हैन ? कम्सेकम अरू नजाने पनि झुट बोल्ने नयाँ तरिका त सिक्नोस्, ताकी केही छिन भएपनि पत्याउने खालको !

**- दिपक बस्याल**




५२ संस्थाको नेतृत्वमा प्रधानमन्त्री । यो दसकौं देखिको कथा हो । प्रधानमन्त्रीले अनावश्यक कार्यभार लिएर नगर्नुभन्दा क्षमतावान व्यक्तिलाई जिम्मा लगाएर नतिजा केन्द्रित भएर काम गर्नु उचित हुन्छ । जे पनि आफैँलाई चाहिने नेपाली राजनीतिको पञ्चायती भुतलाई बिगतमै छोडेर अघि बढौं ।

**- एलिजा ढकाल**




अंकुपञ्चर स्वास्थ्य सेवाको सुरूवात चीनमा भएको मानिन्छ तर, प्रयोग यहाँ राजनीतिमा । कुन पार्टीको कुन नेतालाई कहिले कहाँ घोच्दा मालिकलाई कम्फर्टेवल हुन्छ, सायद यसको रोडम्याप धेरै पहिल्यै बनिसकेको हुन्छ । हामीले परिणाम आएपछि थाहा पाउछौ । कसको नावी कोसँग कहाँ गाडिएको छ स्वयंलाई थाहा हुँदैन ।

**- विष्णु ढकाल**



सम्मानित भैसकेकाबाट सम्मानजनक अभिभावकको भुमिकामा रहि जिम्मेवारी दोस्रो पुस्तामा हस्तान्तरण गर्न सक्ने साहस यदि देखाउने थिए भने एउटा राम्रो परिपाटीसँगै केहि सकारात्मक रूपरेखा कोरिने थियो कि भन्ने आशा राख्नु भनेको आकाशको फल आखा तरि मर भन्नु जस्तै भो !

**- चन्द्र श्रेष्ठ**



राजनीतिक नेतृत्व भनेको भविष्यको मार्गदर्शन निर्माण र दुरदर्शिता देखाउन सक्ने, समस्याको समाधान र व्यवस्थापन गर्न सक्ने अभिव्यक्तिको सट्टा हाम्रो नेताहरू जुनसुकै दलको भए तापनि उहीँ असभ्य शब्द प्रयोग गरि आलोचना, बिरोध र गाली गर्ने बाहेक अरू त सभ्य बोली नै फुट्दैन रहेछन् ।

**- सेतेमान तामाङ**

# व्यवस्थामाथिको प्रश्न : भ्रष्टाचार र दलालीकरण

गणतन्त्रको पतन दलाल संसदीय व्यवस्थामा भयो । अर्को शब्दमा भन्दा राजतन्त्रको अन्त्य पछि गणतन्त्रको नाममा दलाल संसदीय व्यवस्थाको पुनरावृत्ति भयो । गणतन्त्र आज लुटतन्त्र र दलालतन्त्रका रुपमा बदनामित भयो । आज राजतन्त्र ठिक की गणतन्त्र बेठिक भनेर जनमत संग्रह भएमा राजतन्त्र विजयी हुने कहाली लाग्दो अवस्था बनाईयो ।




● विष्णु पन्त

### भ्रष्टीकरण र दलालीकरण

आज अफगानिस्तानमा भएको सत्ता परिवर्तनको चर्चा विश्वभर भईरहेको छ । अमेरिका र नेटो सम्बद्ध राष्ट्रहरुको शैन्य सहयोगका बाबजुद पनि कसरी तालिबानहरु सत्ता कब्जा गर्न सफल भए भन्ने विषयमा थुप्रै विश्लेषणहरु गरिएका छन् । धेरैको निष्कर्ष छ, अफगान सरकारको पतनको मुख्य कारण भ्रष्टीकरण र दलालीकरण हो । अफगानिस्तानमा भ्रष्टाचार यति मौलाएको थियो कि त्यहाँको सरकारप्रति जनताको विश्वास नै थिएन । जुन देशमा भ्रष्टाचारको नियन्त्रण हुँदै त्यहाँ सबै चीजको मोलमोलाई वा किनबेच हुन्छ । मन्त्री, सांसदको किनबेच, नेताहरुको किनबेच, अदालत र न्यायाधीशको किनबेच अनि कर्मचारी, प्रहरी र सेनाको किनबेच । भ्रष्टाचारले राज्य र सम्पूर्ण समाजलाई ध्वस्त बनाउँछ । सम्पूर्ण विश्वले सुनेको घटना हो - अफगानिस्तानका राष्ट्रपति असरफ घानी देश छाडेर भाग्दै गर्दा पैसा, सुन, हिरा, मोती लिएर भागेर थिए । अनि गाडीमा वा हेलीकप्टरमा नअटेका पैसाहरु त्यत्तिकै छाडिदिएका थिए । सत्ताच्यूत भएर देशबाट भाग्ने शासकहरुको हालत यस्तै हुन्छ । तस्बीर कति भयाभह छ, अफगानिस्तानको सेना घानी सरकारको बचाउका लागि लड्न तयार भएन किनकी उनी विदेशीको दलाल वा कठपुतली थिए र उनले सम्पूर्ण अफगानिस्तानलाई भ्रष्टाचारमा डुबाएका थिए । त्यसकारण जब राजनीतिमा भ्रष्टीकरण हुन्छ तब सत्ता व्यवस्था वा नेतृत्वका लागि लडिदिने कोही पनि हुँदैन् ।

> अफगानिस्तानको सेना घानी सरकारको बचाउका लागि लड्न तयार भएन किनकी उनी विदेशीको दलाल वा कठपुतली थिए र उनले सम्पूर्ण अफगानिस्तानलाई भ्रष्टाचारमा डुबाएका थिए । त्यसकारण जब राजनीतिमा भ्रष्टीकरण हुन्छ तब सत्ता व्यवस्था वा नेतृत्वका लागि लडिदिने कोही पनि हुँदैन् ।



भनिन्छ तालिबानसँग जम्माजम्मी ६० हजार मात्र शैन्य तालिम लिएका वा हतियार चलाउन सक्ने सेना थिए । आजको विश्वका लागि मुल प्रश्न छ : कसरी ६० हजार तालिबान सेनाले ३ लाख सरकारी सेनालाई कब्जा गरे भन्ने छ । यो कुरा स्पष्ट छ कि, राष्ट्रपति असरफ घानी रक्तपात नहोस् भनेर देश छाडेर भागेका हैनन् । सबैलाई थाहा छ, अफगानिस्तानमा तालीबान सरकारको विस्थापन हवाई हमलाबाट गरीएको थियो । जो रक्तपातपूर्ण विदेशी हस्तक्षेपको प्रयोगबाट सत्तामा आएको छ उसले रक्तपात रोक्नका लागि म भागे भन्ने कुरा सुहाउने विषय हैन । सत्य यो थियो कि उनको सत्ताको बचाउका लागि सरकारी सेना लडिदिने अवस्थामा थिएन । जब सत्तामा भ्रष्टाचार, दलालीकरण अनि अन्याय बढ्छ तब त्यो सत्तालाई बोकेर हिँड्ने कोही हुँदैन् । कतिपय विश्लेषकहरुले भनेका छन् - अफगानिस्तानबाट अमेरिकी सेनाको फिर्तीको निर्णय पनि सरकारको चरम अलोकप्रियताका कारण भएको थियो । अमेरिका पनि त्यो बिन्दुमा पुग्न बाध्य भयो कि अब पनि त्यहाँ रहिरहेमा अमेरिकाले झन् ठूलो मुल्य चुकाउने अवस्था बन्थ्यो ।

उता भ्रष्टीकरण र दलालीकरणका विरुद्ध तालिवानहरुले संघर्षलाई चकाईरहे । उनीहरुको मुख्य नारा थियो - राष्ट्रिय स्वाधिनता र जनताको स्वतन्त्रता । अन्तत्वगत्वा अमेरिकालगायतका शक्ति राष्ट्रहरुको ठूलो सहयोग, संरक्षण र लगानी हुँदाहुँदै पनि घानी सरकारको केहि चलेन । देश छाड्ने बेलामा घानी सरकारको बाध्यात्मक नारा बन्यो- शान्तिपूर्ण सत्ता हस्तान्तरण । लड्न सक्दासम्म उ लडेकै थियो र नसक्ने अवस्था उत्पन्न भएपछि यो नै अन्तिम विकल्प थियो ।

### नेपालको भ्रष्ट चित्र

नेपालमा राजतन्त्रको अन्त्य र गणतन्त्रको घोषणा पछि जनताले ठूलो परिवर्तनको अपेक्षा गरेका थिए । तर आज सर्वस्वीकार्य तथ्य एउटै होला - गणतन्त्र लुटतन्त्रमा परिणत भयो । सबैलाई थाहा छ, आजको मुख्य समस्या भ्रष्टाचार र दलाल पुँजीवाद हो । यो व्यवस्था प्रयोग र अभ्यासका हिसाबले गणतन्त्र नभएर दलाल संसदीय व्यवस्थामा परिणत भयो । गणतन्त्रको अभ्यास नै भएन र देशलाई परिवर्तन तिर लैजाने दिशामा कुनै पनि संसदवादी दलहरु तयार भएनन् । आज भ्रष्टाचारको छानबिन गर्न कोही तयार छैनन् किनकी निष्पक्ष छानबिन भएमा सबै मुछिन्छन् । आजको विज्ञान र प्रविधिको युगमा भ्रष्टाचारको सहजै छानबीन गर्न सकिन्छ । सम्पत्ति शुद्धिकरणमा प्रत्येक नागरिकलाई राज्यले ध्यान केन्द्रित गर्न सक्छ तर, यहाँ छाडातन्त्र र अराजकता छ । जो भ्रष्ट छ, दलाल छ, उही सत्तामा हाबी छ । सबै पूर्वप्रधानमन्त्री र मन्त्रीहरु करोडौं र अरबौं भ्रष्टाचारमा मुछिएका छन् । त्यसकारण रिस उठ्दा एकले अर्कालाई गाली गर्ने अनि तर्साउने माध्यम बनेको छ भ्रष्टाचार ।

संसदमा भ्रष्टाचारको आरोप प्रत्यारोप चलेको हामीले सुनेका छौं । तर अधिकार सम्पन्न निष्पक्ष र स्वतन्त्र छानबिन आयोग बनाउन कोही तयार छैनन् किन ? किनकी भ्रष्टाचार नै राजनीतिको मुलमन्त्र वा मुल रणनीति बनेको छ । मान्छेहरु भन्छन् राजनीति गर्नेको एकदिन पालो आउँछ । बहुदलीय व्यवस्था आएपछि वर्गउत्थान नभएका नेताहरु कृष्णप्रसाद भट्टराई, मनमोहन अधिकारी र शुशिल कोइराला मात्र होलान् । स्वभाविक छ केन्द्रमा जुन प्रवृत्ति छ त्यो तल फैलिँदै जान्छ । केन्द्र, प्रदेश र स्थानीय सरकार सबै चुर्लुम्मै डुबेका छन् । भ्रष्ट व्यवस्थामा बाबुसँग छोराले अनि श्रीमतिसँग श्रीमान्ले पनि कमिशन खाने मनोवृत्ति हुँदो रहेछ ।

किन यति विघ्न भ्रष्टाचार गणतन्त्र पछि मौलायो ? पञ्चायत कालमा यति विघ्न र नाङ्गो भ्रष्टाचार थिएन । भ्रष्टाचारको जड भनेकै राज्य संयन्त्र हो । हाम्रा नेताहरुले जानी बुझीकनै भ्रष्ट संयन्त्रको विकास गरेका छन् । हाम्रा नेताहरुले भ्रष्टाचार नियन्त्रणको उपाय नअपनाउनुको पछाडि उनीहरुको लुप्त वा अदृश्य स्वार्थ जिम्मेवार छ । भ्रष्टाचार सम्पत्ति विवरणबाट हैन उसको जीवनशैली र आसेपासेहरुको अनुसन्धानबाट पत्ता लाग्छ । हाम्रा नेताहरुले कार्यकर्ता र जनतालाई भ्रममा पार्ने अनेक झुटा नाटक गर्छन् । त्यसमध्येको एक हो झुटा सम्पत्ति विवरण । उनीहरुले बुझाएका सम्पत्ति विवरणभन्दा बढी आम्दानीका स्रोतलाई अवैध बनाउन सक्ने क्षमता वा शक्ति राज्यसँग हुनुपर्छ । यहाँ त करोडौं खाएर टिकट दिने, मन्त्री सांसद बनाउने संस्कृति नै बसेको छ । दलालीकरण त्यस्तै छ । सत्ताको खेल खेल्नेहरु भारत र अमेरिकाको दलालीकरण गर्दछन् । सत्ता बदल्नका लागि सम्झौता वा वाता गर्नका लागि बिरामीको नाटक गरी विदेशी अस्पतालमा जान्छन् । दलाली गरेर भित्तामा पुऱ्याउँछु भन्दै भाषण गर्छन् । हुँदा-हुँदा दलाल नबन्ने बाँच्ने नसक्ने अवस्था बन्यो र यो कहाली लाग्दो अवस्था हो ।

### देशका लागि संसदवादको अन्त्य

यो संश्लेषण सहि छ कि गणतन्त्रको पतन दलाल संसदीय व्यवस्थामा भयो । अर्को शब्दमा भन्दा राजतन्त्रको अन्त्य पछि गणतन्त्रको नाममा दलाल संसदीय व्यवस्थाको पुनरावृत्ति भयो । गणतन्त्र आज लुटतन्त्र र दलालतन्त्रका रुपमा बदनामित भयो । आज राजतन्त्र ठिक की गणतन्त्र बेठिक भनेर जनमत संग्रह भएमा राजतन्त्र विजयी हुने कहाली लाग्दो अवस्था बनाईयो । प्रचण्डको शब्दमा राजतन्त्रको अन्त्य पछि मुख्य तीन वटा उपलब्धी भए ती हुन् - गणतन्त्र, धर्मनिरपेक्षता र संघीयता । आज मान्छिहरुले संघीयता भन्न पनि डराउनु पर्ने अवस्था बन्यो किनकी जनता संघीयतालाई धेरै राजाहरु पाल्ने वा जन्माउने व्यवस्थाका रुपमा बुझे । आज ७०/८० प्रतिशत मान्छेहरु संघीयता खारेज गर्नुपर्छ भन्दैछन् । होली वाइन र क्रिश्चयनीकरणका कारण धर्मनिरपेक्षतामाथि पनि बदनाम हुँदैछ । उता गणतन्त्र केवल नाम भयो र यो मूलतः दलालतन्त्र र लुटतन्त्रका रुपमा बदनामीत भयो । कुनै पनि राज्य व्यवस्थाले मुलतः दलालतन्त्र र लुटतन्त्रका रुपमा बदनामीत भयो ।

कुनै पनि राज्यव्यवस्थाले मूलतः जनताको जीवनस्तर र देशको स्वाधीनतालाई माथि उठाउनु पर्छ । हाम्रोमा आर्थिक रुपमा एउटा नवधनाड्य वर्गको विकास भयो त्यौ नै यो व्यवस्थाको पतनको मुख्य सूचक थियो । चप्पल र गोलस्टार जुत्ता लगाएर शहर पसेका नेताहरु रातारात करोडपति र अरबपति बने । सत्ताको आडमा बनेको यो नवधनाड्य वर्गले समाजमा ठूला-ठूला विकृति र विसंगीतहरु ल्यायो । भ्रष्टीकरणको योभन्दा ठूलो नमूना के हुन्छ ? आज कुनै पनि यस्तो मन्त्री, प्रधानमन्त्री र नेता छैन जो करोडौं र अरबौं सम्पत्ति जम्मा गरेको नहोस् ? कहाँ गए ति क्रान्तिकारी आदर्शहरु ? क्रान्तिकारी आदर्शहरु प्रतिक्रान्ति र प्रतिक्रियावादी चिन्तनमा पतन भए । यो आर्थिक अराजकता र विश्रृङ्खलाताविरुद्व जनआक्रोश बढ्दो छ । आज नेताहरु र भ्रष्टहरुलाई जेल हाल्ने जुन शक्ति आएपनि जनताले समर्थन गर्ने अवस्था बन्दै छ । प्रतिबिम्बका रुपमा जनताले स्वतः स्फूर्त रुपमा भन्दै छन् - विप्लव आऊ देश बचाऊ वा राजा आऊ देश बचाऊ ।

> यो व्यवस्था प्रयोग र अभ्यासका हिसाबले गणतन्त्र नभएर दलाल संसदीय व्यवस्थामा परिणत भयो । गणतन्त्रको अभ्यास नै भएन र देशलाई परिवर्तन तिर लैजाने दिशामा कुनै पनि संसदवादी दलहरु तयार भएनन् । आज भ्रष्टाचारको छानबिन गर्न कोही तयार छैनन् किनकी निष्पक्ष छानबिन भएमा सबै मुछिन्छन् ।

आज सर्वत्र अनुशासनहीनताको पराकाष्ठा छ । राज्यका कुनैपनि अंगमा विश्वसनीयता छैन । दलहरुभित्रको अराजकता हेरिनसक्नु र लाजमर्दो छ । सत्ता लिप्सा र सत्तालोलुपताले दलहरुलाई विश्वासको संकट उत्पन्न भएको छ । कुन पार्टी कतिबेला टुक्रिने हो भनेर भन्न नसकिने अवस्था बन्दै छ । पार्टी एकातिर छ सम्बन्ध अर्कोतिर छ । दलहरुबीचका अप्राकृतिक समिकरणहरुले संसदीय व्यवस्थाभित्रका खराबीहरुलाई प्रष्ट्याएका छन् । आजका संसदीय बहसहरु फगत व्यक्ति केन्द्रित बनेका छन् । व्यक्ति र सत्तालाई केन्द्रमा राखेर अनावश्यक र झुटा दस्तावेजीकरणमा दलहरु व्यस्त बनेका छन् । आजको आवश्यकता हो राष्ट्रिय एकता । त्यो पनि नयाँ आधारमा नयाँ बृहत राष्ट्रिय एकता । मुलुकमा संसदीय व्यवस्थाले धेरै ठूला-ठूला विकृतिहरु मात्र विजारोपण गर्‍यो । संसदीय व्यवस्थालाई बदल्नुको विकल्प हामीसँग छैन् ।

### राष्ट्रवादी आन्दोलनको आवश्यकता

अफगानिस्तानमा जस्तै यहाँका संसदीय दलहरु भ्रष्टाचार र दलालीकरणमा डुबे । त्यहाँ जस्तै लगभग सबै संसदवादी नेताहरु अरबपती वा नवधनाड्य वर्गमा परिणत भए । भ्रष्टाचारको विषयमा त सामान्य छानबिन पनि हुन छाड्यो । भ्रष्टाचारको छानबिन गर्न थाले सत्ता नै ढल्ने अवस्था बन्यो । पुराना दल र नेतृत्वबाट भ्रष्टाचारको छानबिन नियन्त्रण दुवै हुन सक्दैन, त्यो त समयले प्रमाणित गरिसक्यो । निष्पक्ष छानबिन गर्ने हो भने आफैं जेल जानुपर्ने हुन्छ ।

